# अवलोकनको भ्रमण प्रतिवेदन २०८२



BAISAKH 22, 2082

सीता रमेश बहुमुखी क्याम्पस

बुद्धशान्ति -१ झापा

प्रस्तुतकर्ता

**BBS / B.Ed. 3rd Year**

**Batch 2022**

**विषयसूची :-**

१ पृष्ठभूमि

२ परिचय

३ भ्रमणका उद्देश्यहरू

४ भ्रमण गतिविधि र उपलब्धिहरु

५ भ्रमणका दुर्बल पक्षहरू

६ निष्कर्ष तथा सुझावहरु

७ शैक्षिक भ्रमण आम्दानी र खर्च विवरण

८ भ्रमण कार्यक्रममा सहभागीहरूको नामावली

## १. पृष्ठभूमि / परिचय

मानिसको जीवन अमूल्य रहेको छ । मानिस शिक्षित र दीक्षित हुन् उसले ज्ञान आर्जन गरिरहनु आवश्यक हुन्छ। मानिसको जीवनमा हुने सुख दुःख उत्तारचढाव आदि विभिन्न कुराहरुले थप अनुभव र सिकाइमा वृद्धि हुँदै जान्छ। कुनै पनि कुराको बारेमा ज्ञान हासिल गर्न त्यसको बारेमा सुन्दा भन्दा प्रत्यक्ष अवलोकन गर्दा सिकाइ दिगो बन्दछ। शैक्षिक भ्रमणहरूले कक्षाकोटाको पर्खालहरूको सीमाभन्दा बाहिर एउटा क्षेत्रको ढोका खोल्छन् जहाँ सैद्धान्तिक ज्ञान मूर्त अनुभवहरूमा रूपान्तरण हुन्छ। शैक्षिक भ्रमणहरूले विद्यार्थीहरूको शैक्षिक यात्रालाई समृद्ध बनाउँछ। साथै उनीहरूको समग्र वृद्धिमा योगदान दिन्छ। प्रत्यक्ष अवलोकन भ्रमण गरी ज्ञानको दायरालाई फराकिलो बनाउने साथै मनोरञ्जन तथा विभिन्न अनुभवहरु हासिल गर्ने उद्देश्यका सात सीता रमेश बहुमुखी क्याम्पस बुद्धशान्ति एकले मिति २०८२ साल १ महिना २२ गतेका दिन बिबिएस तेस्रो वर्षका विद्यार्थीहरूको लागि एक दिने शैक्षिक भ्रमण आयोजना गरेको थियो जहाँ विद्यार्थीहरू नपुगेका कारणले अन्य कक्षाबाट पनि सात आठ जना विद्यार्थी थपेका थिए । यसबाट सहभागी विद्यार्थीहरूलाई सामाजिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक जस्ता विविध कुराहरूको बारेमा प्रत्यक्ष देख्ने र बुझ्ने एउटा अवसर प्राप्त भएको थियो। यसैसँग सम्बन्धित विभिन्न क्षेत्रलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ।

सीता रमेश बहुमुखी क्याम्पस स्नातक तह पढाई हुने बुद्धशान्ति कै एक मात्र क्याम्पस हो। यसको स्थापना २०६७ भएको हो। विगत १५ वर्षदेखि यस सुन्दर शान्त र स्वच्छ वातावरणमा शिक्षाको ज्योति फैलाउन सीता रमेश बहुमुखी क्याम्पसले महत्वपूर्ण भूमिका खेल्दै आएको छ। क्याम्पसले अतिरिक्त क्रियाकलापमा पनि महत्वपूर्ण भूमिका खेल्दै आएको छ। क्याम्पसले वार्षिक कार्य योजना अन्तर्गत सबै सङ्काएका विद्यार्थीहरू लाई वर्षमा एक पटक शैक्षिक अवलोकन भ्रमणको आयोजना गर्ने उल्लेख गरिएको छ। यस वर्षको भ्रमणको व्यवस्थापनका लागि वि. वि. एस. तेस्रो वर्ष वर्षमा अध्ययनरत साथीहरू विवेक वाग्लेले बसको व्यवस्थापन गर्नुभएको थियो। भने अन्य सम्पूर्ण कुराहरूको व्यवस्थापन भने रोशन तामाङले गर्नुभएको थियो। प्रतिवेदनको जिम्मा भने म सोना आचार्य र शोभा आचार्यलाई दिएको थियो। शैक्षिक भ्रमणका लागि तेह्रथुममा स्थित तिन्जुरे र माता पाथिभराको अवलोकन गर्ने निर्णय गरियो। भ्रमणका लागि क्याम्पसबाट ५०००

सहयोग भएको थियो। र प्रत्येक विद्यार्थीहरूबाट रु. १५०० संकलन गर्ने निर्णय गरियो शैक्षिक भ्रमणका लागि ३५ सिटको बस रिजर्भ गरेका थियौ । ३३ जना विद्यार्थी र दुईजना शिक्षक जाने निर्णय गर्यौ। हाम्रो भ्रमण सोमबारको दिन थियो।सहायक क्याम्पस प्रमुख आदरणीय नरेन्द्र बराल सर लाइ आइतबार भ्रमण जाने भनेर निवेदन साथी दीक्षा विश्वकर्माले लेख्नुभएको थियो। आइतबार तेस्रो कक्षामा वि.वि. एस. संकायको विभागीय प्रमुख आदरणीय नवराज कोइराला सरले आधारभूत जानकारी दिनुभयो र शुभकामना पनि दिनुभयो छुट्टी भएपछि हामी आफूआफ्नो घर गयौँ। साथी रोशनले पानी र बिस्कुटको व्यवस्थापन गर्नुभयो।

२. भ्रमणको उद्देश्यहरू

कुनै पनि शैक्षिक भ्रमण एवं अवलोकनको उद्देश्य स्पष्ट हुन जरुरी छ। उद्देश्यबिना कुनै पनि कार्य सफल हुन सक्दैन हाम्रो भ्रमणको उद्देश्य निम्न अनुसार प्रस्तुत गरिएको छ।

- सैद्धान्तिक ज्ञानलाई प्रयोगात्मक सिकाइमा रूपान्तरण गर्ने
- धार्मिक तथा प्राकृतिक क्षेत्रको अवलोकन गर्न
- साथीहरूसँग बलियो सम्बन्ध स्थापित गर्न
- मनोरञ्जन गर्न र मनलाई शान्त राख्न
- भौगोलिक विविधताको बारेमा अवलोकन गर्न

**३. भ्रमण गतिविधि र उपलब्धि :-**

हाम्रो योजना अनुसार मिति २०८२ साल १ महिना २२ गतेका दिन बिहान ३ बजे बसलाई आउनु भनेको थिम। रोशनले जयपुरमा चारजना साथीहरु भएको हुनाले सवारी चालकलाई जयपुरको बाटो हुँदै कलेज आउन अनुरोध गरे। र ३ बजे बस कलेजमा आइसकेको थियो। र कलेजमा ३:३० बजे सबैजना भेला भइसकेका थियौँ। बस पनि आइसकेको थियो। केही साथीहरू बसमा चढिसक्नुभएको थियो सबै सामान गाडीमा हालिसकेपछि ३:४५ बजे हामी ३३ जना विद्यार्थी, दुईजना शिक्षक, दुईजना चालक र सहचालक क्याम्पसबाट हिँडौँ। हामी

दमक हुँदै बाटोमा साथीहरू नाच्दै गाउँदै गाडीबाट देखि एका दृश्यहरूसँग रमाउँदै हामी हाम्रो यात्रातर्फ अगाडि बढ्यौं।बिहान साथीहरूलाई भोक लागे भन्न थालेपछि रोशनले सबैलाई बिस्कुट दियो। हामी ७:२० नमस्ते झरनाको प्रवेशद्वारमा पुग्यौ र त्यहाँ छेउमा रहेको होटलमा चिया , पानी खाइसकेपछि हामी हाम्रो यात्रातर्फ अगाडि लाग्यौँ।हामी ८ बजे तमोरखोला ८:३६ मा धनकुटा ९:१५ मा रहेको सालिकलाई गाडीबाट नै अवलोकन गर्दै मनोरञ्जन गर्दै अगाडि बढ्यौं। ९:४० मा जोरपाटी हुँदै १० बजेमा सिदुवा पुग्यौँ। सिधुवा बजारमा रहेको फुलकोपीको सालिक अवलोकन गर्दै १०:३० मा बसन्तपुर बजारमा रहेको लालीगुराँसको दृश्य अवलोकन गर्दै ११ बजे हामी बसन्तपुर होटेल भ्युमा खाना खायौं। त्यसपछि डेढ घण्टा गाडी बिग्रियो। चालक र सहचालक मिलेर गाडी मर्मत गर्न थाल्नुभयो केही साथीहरु बसन्तपुरमा रहेको चौलुङ पार्कको अवलोकन गर्न जानुभयो। हामी भने बसन्तपुरबाट देखिएको भौगोलिक दृश्यहरूको अवलोकन गर्दै साथीहरूसँग तस्बिर लियौं। १:३० बजे गाडीको मर्मत भएपछि हामी तीनजुरेतर्फ लाग्यौँ। तिन्जुरे पूर्वी पहाडमा रहेको तेरथुम जिल्ला लालीगुराँस नगरपालिकामा रहेको छ। लालीगुराँसको राजधानी भनेर चिनिने यो क्षेत्रमा नेपालमा पाइने ३५ प्रजातिका लालीगुराँस मध्ये २८ प्रजातिका लालीगुराँस पाइन्छ। हामी २ बजे तिन्जुरे पुग्यौ। तिन्जुरेमा रहेको माता पाथिभरा भगवती त्यहाँ पुगेर सर्वप्रथम माताको दर्शन गरियो।

**माता पाथिभरा :**

तीनजुरे आफैमा पवित्र धार्मिक स्थल हो । यो मन्दिर संखुवा सभा र तेह्रथुममा रहेको सिमाना क्षेत्रमा रहेको छ। यो मन्दिर ३७९४ मिटर उचाइमा रहेको छ। यहाँ नेपालको ताप्लेजुङपछिको दोस्रो माता पाथिभरा भगवतीको मन्दिर रहेको छ। यस मन्दिरमा देश तथा विदेशबाट भक्तजन आएर पूजा आराधना गर्ने गर्दछन्।

त्यसपछि ३ बजे माता पाथिभराको दर्शन गरिसकेपछि मौसमको परिवर्तन भएर एकैछिन पानी पर्यो। हामी त्यहीनेर भएका स -साना टहराहरुमा ओत लाग्यो । एकैछिनको वर्षापछि मौसममा सुधार आएर त्यहाँका हरिया डाँडाकाँडा र ठूलाठूला पहाड र थरिथरि फुलेका लालीगुराँसले सबैको मन प्रफुल्ल रहेको थियो। त्यहाँबाट हामीले तिन्जुरेको प्राकृतिक

कुराहरूको अवलोकन गर्न थाल्यौ। जहाँ ५२५ वर्ग किलोमिटर क्षेत्रमा लालीगुराँसको रूखहरूले ढाकिएको रहेछ। साथीहरु सबै सबैजना कोही टिकटक ,कोही बनाउन फोटो खिच्न , कोही भिडियो बनाउन व्यस्त हुनुभयो। त्यसपछि हामी एक घण्टापछि सबैजना भेला भएर ग्रुप फोटो लियौ। यस वर्ष पहिलाको तुलनामा लालीगुराँस भन्ने पातलो फुलेको रहेछ। वरिपरि ठूलाठूला पहाड, लालीगुराँसका रुखहरु, हरिया चौर र पोखरीको मनमोहक दृश्यले साथीहरूसँग जोस जागर र उमङ्ग अझै पनि यथावत नै रहेको थियो। करिब ५ बजे हामी सबैजना भेला भएर त्यस क्षेत्रलाई बिदा माग्दै घरतर्फ अघि बढ्यौं। बाटोमा साथीहरु नाच्दै गाउँदै रमाइलो गर्दै हुनुहुन्थ्यो। हेरेर रमाइलो गर्दै थिय कोही समयपछि सायद साथीहरुलाई पनि भोकले सिमा नागेर होला नाच्न छाडेर आफूआफ्नो ठाउँमा बस्नुभयो। हामी पनि सबैजना आआफ्नो ठाउँमा बस्यौं।

करिब २.५ घण्टाको यात्रापछि ७:३० तिर हामी होटेल नमस्ते झरनामा पुग्यौं। हाम्रो निर्धारित योजना अनुसार खाजा पनि खुवाउने थियो। खाजा भने पहिले नै रोशन साथीले ड्राइभरलाई भनेर अर्डर गरिसकेको थियो। त्यसैले होटेल अगाडि गाडी राखेर हामी सबैजना होटेलतर्फ गयौं। कोही साथीहरुले चाउमिन, कोहिले म:म, कोहिले थुप्पा खानुभयो। सबैले खाइसकेपछि रोशन साथीले बाटोमा भोक लाग्छ भनेर सबैलाई पुग्नेगरी चाउचाउ किनेर राखे। गाडीमा चढ्दा सबैजना छ छ कि छैन भनेर गन्ने गरिन्थ्यो।सबैजना आएको पूरा भएपछि हामी अघि बढ्यौं। साथीहरू नाच्दै गाउँदै रमाइलो गर्दै हुनुहुन्थ्यो। ९:१४ तिर बाटमा गाडी पम्चर भएर बिग्रियो। चालक र सहचालक गाडीको मर्मत गर्न थाल्नुभयो । हामी धरानको रात्रिकालीन दृश्य अवलोकन गर्यौ र त्यहाँको बजारको दृश्य सँग रमाउँदै हामीले यस भ्रमणलाई अविस्मरणीय बनाउँदै साथीहरू नाच्दै गाउँदै रमाइलो गर्यौ। गाडी मर्मत भइसकेपछि ९ :४०मा सबैजना गाडीमा चढेर अगाडि बढ्यौं। हामी १२:५० तिर क्याम्पस आइपुग्यौ सर्त अनुसारको रकम गाडी सञ्चालक चालकलाई दिएर बिदाई गरियो। त्यसपछि सबैजना आआफ्नो घर तर्फ लाग्यो।

**भ्रमणको उपलब्धि :-**

भ्रमण भनेको कुनै कुरालाई प्रत्यक्ष रूपमा अवलोकन गरेर प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक क्षेत्रको बारेमा ज्ञान लिन र सिक्नको लागि गरिने योजनाबद्ध यात्रा हो। यी उल्लेख गरेका पक्षहरूको बारेमा सिकाइ प्राप्त गर्दै समग्रमा देयाबमोजिमका उपलब्धिहरू हासिल भएको छ।

- माता पाथिभरा भगवतीको दर्शन
- बसन्तपुर बजार को अवलोकन
- लालीगुराँसका अवलोकन ठूलाठूला पहाडहरूको अवलोकन
- विभिन्न ठाउँहरूको मानिसको सामाजिक, आर्थिक र अनसनको बारेमा जानकारी

४. भ्रमणको सफल पक्षहरू :-

- विद्यार्थीहरू अनुशासित र मर्यादित रहनु
- भ्रमणमा सहभागी विद्यार्थीहरू तथा शिक्षकहरूको सुमधुर सम्बन्ध रहनु
- गाडी स्टाफबाट सहयोगी र मिलनसार भूमिका पाउनु
- विद्यार्थीहरू सक्रिय रहनु
- न्यून लागतमा लामो यात्राको अवलोकन गर्न पाउनु
- भ्रमणको क्रममा शिक्षक र विद्यार्थीहरू बिरामी नहुनु

**५. भ्रमणको दुर्बल पक्षहरू :**

- सम्पूर्ण विद्यार्थीहरुलाई समेट्न नसक्नु
- भ्रमणको बारेमा पूर्व तयारी नहुनु
- फोटो खिच्ने कार्यमा बढी सक्रिय रहन
- समयको सही व्यवस्थापन गर्न नसक्दा भ्रमण हतार हतार जस्तो बन्न पुग्नु

## ६. निष्कर्ष तथा सुझावहरू

शैक्षिक भ्रमण क्याम्पसको वार्षिक कार्य योजना भएपनि विभिन्न कारणले गर्दा यसको व्यवस्थापन गर्ने समय थोरै भएको कारणले केही कमी कमजोरी देखिए पनि समग्रमा हाम्रो भ्रमण उपलब्धि मूलक नै रहेको छ। भ्रमणको क्रममा आर्थिक व्यवस्थापन र अन्य पक्षहरु चुस्त दुरुस्त भएको छ। यस शैक्षिक भ्रमणको गतिविधि र उपलब्धिका आधारमा देहाय बमोजिमका सुझाव प्रस्तुत गरिएको छ।

भ्रमणको बारेमा पूर्व तयारी र छलफल गर्न क्याम्पसबाट जिम्मेवारी भूमिका खेल्नुपर्ने

भ्रमणलाई उपलब्धिमूलक बनाउन पूर्व योजनाहरू बनाउनुपर्ने

भ्रमणको उद्देश्य विद्यार्थीको संलग्नता आर्थिक व्यवस्थापन जस्ता विषयमा छलफल गर्नुपर्ने

अन्त्यमा, भ्रमण सफल गराउन सहयोग गर्नुहुने क्याम्पस प्रमुख आदरणीय पुष्प रिजाल ज्यू ,सहायक क्याम्पस प्रमुख नरेन्द्र बराल ज्यू ,विभिन्न विभागका विभागीय प्रमुख ज्यूहरू, भ्रमणमा जानुहुने आदरणीय शिक्षक धर्मेन्द्र भट्टराई ज्यू र आदरणीय शिक्षक विशाल ढुंगेल ज्यू शिक्षक एवं विद्यार्थी साथै भ्रमण व्यवस्थापन मा विशेष भूमिका निर्वाह गर्नुहुने साथी रोशन तामाङ र सम्पूर्ण साथीहरूप्रति धन्यवाद ज्ञापन गर्दछु।

### शैक्षिक भ्रमण आम्दानी र खर्च विवरण

आम्दानीतर्फ

| क्रमसङ्ख्या | विवरण | सङ्ख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | क्याम्पसद्वारा सहयोग | १ | ५००० | ५०००/- |
| २ | विद्यार्थीद्वारा सङ्कलन | ३३ | १५०० | ४९५००/- |
| | जम्मा | | | ५४५००/- |

**खर्चतर्फ**

| क्रमसङ्ख्या | विवरण | खर्च रकम (५४५००) |
|---|---|---|
| १ | गाडीभाडा | ३५,००० |
| २ | खाजा खर्च | ४६०० |
| ३ | खाना खर्च | ९००० |
| ४ | पानी | ६०० |
| ५ | बिस्कुट | ६७० |
| ६ | अन्य खर्च | १५१० |
| ७ | बचत | रु. ३४२० /- |

**भ्रमणमा जाने विद्यार्थीको नामावली :**

१. प्रजेेश ढुङ्गाना
२. सौरभ अधिकारी
३. हेमन पञ्चकोटी
४. योनिका घिमिरे
५. विनिता चापागाई
६. राजेश खतिवडा
७. रोशन तामाङ
८. पम्फा अधिकारी

९. प्रज्ञा घिमिरे

१०. प्रमिला जोगी

११. निश्चल बस्नेत

१२. अनुराधा तिम्सिना

१३. सेलिना विश्वकर्मा

१४. सन्जु घिमिरे

१५. सभ्यता पौडेल

१६. सोना आचार्य

१७. शोभा आचार्य

१८. आरिया खरेल

१९. श्रेया खनाल

२०. सबिना खनाल

२१. संजिता जगेबु लिम्बु

२२. कौशल ढकाल

२३. दिप्सिका सुवेदी

२४. शालिना श्रेष्ठ

२५. विमर्श बुढाथोकी

२६. भावना रिमाल

२७. रमिषा ढुंगाना

२८. नवीन गर्तौला

२९. मनिषा पौडेल

३०. आर्जन खतिवडा

३१. स्मृति मुखिया

३२. धर्मेन भट्टराई

३३. विशाल ढुंगेल

३४. निगम न्यौपाने

३५. अस्मिता दाहाल